निर्णय नं.१

यस बारबर्दिया नगरपालिका नगरकार्यपालिकाबाट बैठकबाट चालु आ.व. ०८०-०८१ मा भएका सम्पुर्ण निर्णयहरु सर्वसम्मत अनुमोदन गरियो ।

निर्णय नं.२

बारबर्दिया नगरपालिकाको आर्थिक बर्ष २०८१-८२ का लागि प्रस्तुत आर्थिक विधेयक २०८१ उपर छलफल गरि सर्वसम्मत अनुमोदन गरियो ।

निर्णय नं.३

बार्बर्दिया नगरपालिकाको आर्थिक बर्ष २०८१-८२ का लागि प्रस्तुत बार्शिक बजेट तथा कार्यक्रम उपर छलफल गरि सर्वसम्मत अनुमोदन गरियो ।

निर्णय नं.४

बारबर्दिया नगरपालिकाको आर्थिक बर्ष २०८१-८२ का लागि प्रस्तुत बिनियोजन विधेयक २०८१ को उपर छलफल गरि यस नगरपालिकाको १५ औ नगरसभा अधिवेशनबाट सर्वसम्मत अनुमोदन गरियो ।

निर्णय नं.५

यस बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय मातहतका वडाकार्यालय, बारबर्दिया नगरअस्पताल, स्वास्थ्य संस्थाहरुमा करार र दैनिक ज्यालादारीमा कार्यरत सम्पुर्ण कर्मचारीहरुको कार्यसम्पादन राम्रो रहेकाले सम्पुर्ण कर्मचारीहरुको करार सम्झौता अवधी आगामि आर्थिक बर्ष २०८१-८२ का लागि १ बर्ष थप गर्ने निर्णय गरियो ।

निर्णय नं.६

यस बारबर्दिया नगरपालिका कार्यालयबाट चालु आ.व. ०८०-०८१ मा हाल सम्म भएका सम्पुर्ण खर्चहरु सर्वसम्मत अनुमोदन गरियो ।

निर्णय नं.७

बारबर्दिया नगरपालिकाको चालु आर्थिक बर्ष २०८०-८१ को शिक्षा युवा तथा खेलकुद शाखाको बजेट तथा कार्यक्रम अन्तरगत देहाय बमोजिम कार्यक्रम शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

देहाय;-

| भएको | हुनुपर्ने |
|---|---|
| सुत्केरी विदामा बस्ने शिक्षकको विदा अवधिभर नियमित शिक्षण गर्न सट्टा शिक्षक व्यवस्थापन | सुत्केरी विदामा बस्ने शिक्षकको विदा अवधिभर नियमित शिक्षण गर्न स्वयमसेवक शिक्षक व्यवस्थापनका लागि दैनिक रु.३०० बरारबरको खाजा खर्च |

निर्णय नं.८

बारबर्दिया नगरपालिका अन्तरगत नगर शिक्षकको मासिक तलव भत्ता आर्थिक बर्ष २०८१-८२ देखि लागुहुने गरि क्रमशः आधारभुत तह (१-५) रु. २२,५०० ( अक्षरुपि बाईस हजार पाँच सय) आधारभुत (१-८) रु.२४,५०० ( अक्षरुपि चौविस हजार पाँच सय) र माध्यामिक तह (१-१०) रु. ३३,५०० ( अक्षरुपि तेत्तिस हजार पाँच सय) कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.९

बारबर्दिया नगरपालिका वडा नं.९ को वडाकार्यालय भवन निर्माण स्थल मध्यवर्ति सामुदायिक बन उपभोक्ता समितिको निर्णय, बारबर्दिया नगरपालिका वडा नं.९ को सिफारिस तथा निर्माणस्थलमा जोडिएका जग्गाधनीले आफ्नो जग्गा समेतमा बनाउन दिएको सहमति भएको चार किल्ला भित्र निर्माण गर्ने गरि वडा कार्यालय भवन निर्माण स्थल तोक्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं.१०

यस बारबर्दिया नगरपालिकाको कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि २०७८ मा संशोधन गरि बारबर्दिया नगरपालिकामा कार्यारत ईन्जिनियरको फिल्ड भत्ता कार्यविधिको दफा ३ को ३.२ को (क) सि.न. ३ को अधिकृत वा सो सरह कायम गर्ने साथै बारबर्दिया नगरपालिकामा कार्यारत राजश्व शाखा प्रमुखको प्रोत्साहन भत्ता कार्यविधिको दफा ३ को ३.२ को (क) सि.नं.४ को जिन्सी र लेखाको प्रोत्साहन भत्ता सरह कायम गरि प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.११

बारबर्दिया नगरअस्पतालमा कार्यारत मेडिकल अधिकृत २ जनालाई २४ घण्टा सेवामा रहनु पर्ने अवस्था भएकाले देहाय बमोजिम सुविधा उपलब्ध गराउने निर्णय गरियो;-

देहायः-

(१) ईन्धन तथा अन्य प्रयोजनका लागि- रु १,००,०००।- ( अक्षरुपि एक लाख)
(२) ईन्धन सवारी साधन- रु ६०,०००।– ( अक्षरुपि साठी हजार)
(३) विविध खर्च- रु १,२०,०००।– ( अक्षरुपि एक लाख बिस हजार)
(४) संचार खर्च- रु.२४,०००।– ( अक्षरुपि चौविस हजार)
(५) पत्र पत्रिका- रु.२०,०००।– ( अक्षरुपि बिस हजार)
(६) भ्रमण भत्ता- रु. १,००,०००।–( अक्षरुपि एक लाख)

CamScanner